# बिरभान सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ०७, अर्घाखाँची

प.सं. ०८१।०८२

च.नं.

मिति : २०८२।०१।२५

**विषय : काठ दाउरा लिलाम विक्री सम्वन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना !**

(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।०१।२५)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८१/०८२ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रमा हटाउनु पर्ने रुखहरुका संकलन घाटगढी भएका तपसिल बमोजिमका गोलिया काठ दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलवन्दी बोलपत्र प्रकियावाट लिलाम विकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोवार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औ दिन कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ३१४० मिति २०८२।०१।२४ गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को पुनरुत्पादन कटान तर्फको काठ दाउरा | साल | A | १८ | ३००.९३ | १२५० | ३७६१६८ | ३९५९६१ | |
| | | | B | ४० | ३४०.३४ | ९०० | ३०६३०८ | | |
| | | | C | १४२ | ५७३.६८ | ६०० | ३४४२०९ | | |
| | | | D | १४ | २९.९० | ३०० | ८९७०।१३ | | |
| | | असना | A | २९ | ६२८.९७ | ४०० | २५१५८८ | | |
| | | | B | २० | १६७.५१ | ३०० | ५०२५३ | | |
| | | | C | ४० | १४७.८२ | १०० | १४७८२।१ | | |
| | | जामुन | A | १ | ७.८१ | ४०० | ३१२५ | | |
| | | कर्मा | C | १ | २.८१ | १०० | २८१।२५ | | |
| | | साल दाउरा | | | ४.५० | १२००० | ५४००० | १३१७५० | |
| | | अन्य दाउरा | | | ३.२५ | ४००० | १३००० | | |
| जम्मा | | | | | | | १४२२६८४ | ५२७७११ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८२/०२/१४ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८२/०२/१६ गते दिउसो ३.०० बजेसम्म

( २२ औं दिन सार्वजनिक विदा परेकोले )

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयवाट रु. २,०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा. वा. वैंक लि., सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१०००९२६६००१ खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको वैंक जमानत समावेश गर्नुपर्ने छ ।

# बिरभान सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०७, अर्घाखाँची

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अद्यावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०२।१८ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, बोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी बिरभान सा.व.उ.स.को काठ दाउरा लिलाम शिलवन्दी बोलपत्र भनी उल्लेख गरेको हुनु पर्ने छ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८२ साल वैशाख महिनाको २५ गते रोज ०५ मा शुभम् ................................।